**कोरोना भाइरस सम्बन्धी प्रदेश ५ को अवस्था**
**बाँके । ०७७ जेठ ६ गते**
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार प्रदेश ५ मा जेठ ६ गते सम्म ९ हजार ३ सय ५३ जनाको आरडीटी परीक्षण गरिएको छ । क्वारेण्टाइनमा १३ हजार ६ सय ३८ जना रहेका छन् । भने १ सय ८७ जना आइशोलेशनमा रहेका छन् ।

**इन्सेक अर्घाखाची जिल्ला प्रतिनिधि नारायण भुसाल**का अनुसार गुल्मी जिल्लामा कासक्रमित भएको पुष्टि भेट्टीएपछि अर्घाखााचीका बासिन्दा त्रसित भएका छन् ।
सङ्क्रमित व्यक्ति सन्धिखर्कको छायाँ पोलिक्लीनिकमा चेकजाँच र रगत परीक्षण गराएको र पोलिक्लीनिकले थप उपचारको लागि वुटवल पठाएका हुदाँ सन्धिर्खक र आसपासका मानिसहरु त्रसित भएका छन् ।
जिल्ला प्रशासन कार्यालयले छायाँ पोलिक्लीनिकलाई सिल गरेको छ । जिल्ला अस्पतालले पोलिक्लिनिकका १० जना कर्मचारीको पिसिआर परीक्षणका लागि स्वाबको नमूना भैरहवा पठाएको जिल्ला अस्पतालका प्रमुख कपिल गौतमले जानकारी बताउनु भयो ।
छिमेकी जिल्ला गुल्मी र कपिलवस्तु कोरोना सङ्क्रमित वढदै गएपछि जिल्ला सुरक्षा समितिको बैठकले जेठ ७ गते देखि सिल गर्ने निर्णय गरको छ । सिमामा सुरक्षाकर्मी परिचालन गरिएको सहायक प्रमुख जिल्ला अधिकारी बिक्रम थापाले बताउनु भयो ।

**इन्सेक बाँके जिल्ला प्रतिनिधि स्मृति देवाकोटा**का अनुसार नरैनापुर गाउँपालिकामा पुष्टी भएका ५९ जना सङ्क्रमित मध्ये ३६ जनालाई कोहलपुर नपा- ८ मा रहेको कृषि बिकास तालिम केन्द्रमा राखिने र २३ जनालाई लायन्स डेन्टल हस्पिटल नेपालगञ्जको आइसोलेसनमा राखेर उपचार गरिने जिल्ला स्वास्थ्य कार्यालयका फोकल पर्सन नरेश श्रेष्ठले बताउनु भयो ।

**इन्सेक प्यूठान जिल्ला प्रतिनिधि रविन्द्र पाण्डे**का अनुसार भारतका बिभिन्न ठाँउबाट आएर कपिलबस्तु जिल्लाको कृष्णनगरमा अलपत्र परेका ३६ जना नागरिकलाई ऐरावती गाँउपालिकाले जेठ ५ गते उद्धार गरेको छ । भारतबाट फर्किएकालाई क्वारेण्टाइनमा राख्ने गाँउपालिकाको निर्णय बमोजिम सबैलाई क्वारेन्टाइनमा राखेर परीक्षण पछि मात्र घर पठाइने छ । छिमेकी जिल्लामा कारोनाका सङ्क्रमित फेला परे सगै भालुवाङ्ग प्यूठान सडक खण्ड को दाङ र प्यूठानको सिमा सरुमारानी गाँउपालिको चैतेमा स्थानीय व्यक्तिहरूल जिल्ला भित्रिन नदिन सुरक्षाकर्मी सघाइरहेको सरुमारानी गाँउपालिकाले जनाएको छ ।

**इन्सेक नवलपरासी जिल्ला प्रतिनिधि नारायण पराजुली**का अनुसार प्रतापपुर गाउँपालिका संक्रमित व्यक्तिको सम्पर्कमा आएका सबैको परीक्षण रिर्पोट नेगेटिभ आएको छ । प्रतापपुर बैदौलीका ३६ वर्षीय पुरूषमा सङ्क्रमण पुष्टी भएपछि कन्ट्याक्ट ट्रेसिङ्का क्रममा पत्नी सहित १५ जनाका स्वाब परीक्षण गरिएको थियो ।
भारतबाट लुकिछिपी नेपाल प्रवेश गरेका उनले घरपरिवार देखि प्रहरी र स्थानीय गाउँलेलाई भेटेका थिए । उनलाई संक्रमण पुष्टि भएपछि उनको सम्पर्कमाआएका केहीलाई गाउँपालिकाको क्वारेण्टाइन र केहीलाई होम क्वारेटाइनमा राखिएको थियो । जिल्लामा परीक्षण किटको अभाव हुन थालेपछि जिल्लामा

परीक्षणको दायरा घटेको छ । ६ सय ४९ वटा भिटिएम किट मध्ये १ सय १ वटा मात्र बाकी रहेको छ ।

**इन्सेक बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चौधरी**का अनुसार गुलरिया नपा-११ लालपुरमा कोरोना सङक्रमित व्यक्तिको परिवारका २२ जना र आफन्त ३४ जनाको पिसिआर परीक्षण नतिजा नेगेटिभ आएको छ ।
बाँसगढी नपाले ०७७ जेठ ६ गतेका दिन बाँसगढी नगर प्रमुखको अध्यक्षतामा नगर स्तरिय सर्बपक्षीय बैठकले कोरोना भाइरसका कारण उत्पन्न परिस्थितीलाइ नियन्त्रण, व्यवस्थापन र सहजिकरण गर्नका विभिन्न निर्णय गरेको छ ।
वडामा सामुदायिक क्वारेण्टाइन निमार्ण गर्न सरोकारवालाहरुलाई सहयोगका लागि अनुरोध गर्ने, बाँके बर्दिया कोहलपुर तर्फ मानखोलामा चेकँचाजलाई कडाइ गर्ने । भारत र तेस्रो मुलुकबाट आएर गाउँमा लुकेर बसेको हुन सक्ने कुरालाई ध्यान दिदै प्राथमिकताका साथ खोजी र निगरानी कार्यलाई अगाडि बढाउने निर्णय गरेको छ ।
भारतबाट आएका ३८ जना नेपाली गुलरिया नपा -७ सुरजपुर नजिक सीमापारि रोकिएका छन् । उनीहरूलाई नेपाल प्रवेश गराउन प्रक्रिया अगाडि बढाइएको छ ।
सङ्क्रमण पुष्टी भएका दैलेख आठबीस नपा-१ सात्तलाका युवालाई पुर्‍याएर फर्केको बसमा घर आएका बर्दियाका नौ जनाको पहिचान भएको छ । ठाकुरबाबा नपा-२ कर्मलाका सात जना र वडा - ३ नेउलापुरका एक जना ,वडा - ५ बाबिरपुरका एक जना रहेका छन् । उनीहरू बस्ने स्थानमा कडाइ गरिएको छ ।
दैलेखका ३९ जना युवा भारतको आग्राबाट कञ्चनपुर बनबासा नाका हुँदै आएका थिए । सीमा नाकामा अलपत्र परेपछि आठसीस नगरपालिकाले उनीहरुलाई जेठ १ गते उद्धार गरि दैलेख सात्तला पुर्याएको थियो । दैलेखबाट फर्कन लागेको गाडीमा नौ जना घर आएका थिए ।

**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुसार कोरोना सङ्क्रमण पुष्टि भएका मदाने गाउँपालिका-६ का पुरूषको परिवार, प्रत्यक्ष सम्पर्कमा आएका स्वास्थ्यकर्मी र आफन्त गरेर ३० जनाको पिसिआर परीक्षणको लागि स्वाब सङ्कलन गरिएको छ । उनको सम्पर्कमा आएका सबैको परीक्षण गरिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेश भण्डारीले बताउनु भयो । मदाने गाउँपालिका जेठ ५ गते बाट पूर्ण रुपमा सिल गरिएको छ । इस्मा गाउँपालिका जेठ ७ गतेबाट पूर्ण रुपमा सिल गर्ने गाउँपालिकाले निर्णय गरेको छ । गाउँपालिकामा गरिएको सर्वदलिय र सर्वपक्षिय बैठकले अनिश्चत समयको लागि सिल गर्ने निर्णय भएको उपप्रमुख बिमला खत्रीले जानकारी दिनुभयो ।

**इन्सेक दाङ जिल्ला प्रतिनिधि जय नारायाण पुन**का अनुसार राहत वितरणकालागि खरिद गरिएको चामल कुहिएको पाइएपछि जेठ ६ गते लमहीस्थित आरके सप्लायर्सको गोदाम सिल गरिएको छ ।
राजपुर गाउँपालिका-७ बनकट्टीस्थित भयाँरथान सामुदायिक वन उपभोक्ता समूहले विपन्न उपभोक्तालाई राहत वितरण गर्न आरके सप्लायर्स लमहीबाट चामल खरीद गरेको थियो ।
खरीद गर्दा राम्रो चामल देखाएर पठाउदा कुहिएको चामल पठाएको पाइएपछि उपभोक्ताले चामल फिर्ता गरेका छन् ।
आफना उपभोक्ताहरुलाई लकडाउनले समस्या परेपछि समूहको रकमबाट चामल खरीद गरिएको थियो । खरीद गरिएको चामल वितरण गरियो तर घर लगेर बोरा खोल्दा चामल कुहिएको भेटिएपछि १ सय

३४ बोरा चामल फिर्ता गरिएको छ । कुल १ सय ६६ बोरा खरीद गरेकोमा ३२ बोराको चामल राम्रै पाइएको वन उपभोक्ता समूहका अध्यक्ष चेतबहादुर वलीले जानकारी दिनुभयो । कुहिएको चामल फिर्ता गरेपछि गोदाम खानतलास गर्दा गोदाममा पनि ३० बोरा चामल कुहिएको पाइएपछि वडा प्रहरी कार्यालय लमहीले गोदाम सिल गरेको छ ।
लमही नपाले चामलको गुणस्तर मापनका लागि खाद्य गुणस्तर मापन कार्यालय तुलसीपुरलाई जेठ ६ गते नै पत्र लेखेको प्रमुख कुलबहादुर केसीले जानकारी दिनुभयो । लकडाउनसँगै दाङमा महिनौदेखि गोदाममा राखेर बिग्रीएका अखाद्य वस्तुको बिक्री हुन थालेको छ ।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्बती आचार्य**का अनुसार मायाँदेवी गाउँपालिमाका थप ४ जना व्यक्तिमा कोरोना भाइरस पुष्टी भएको छ । यससँगै जिल्लामा कारोना सङ्क्रमितको सङ्ख्या ४७ पुगेको छ । स्वास्थ्य कार्यालयका अनुसार ४०, ४२, ४२ र २० वर्षीय पुरुषमा सङ्क्रमण पुष्टी भएको हो ।
उनीहरु सबै भारतबाट आएर जनता प्राथमिक विद्यालय सानो गौराको क्वारण्नटाइनमा बसेका थिए । भने १ जना छत्रपाली तिर्थादेवी मावि पकडीको क्वारेण्टाइनमा बसेका बसेका व्यक्ति भएको स्वास्थ्य संयोजक महेन्द्र प्रसाद यादवले बताउनु भयो । जेठ ७ गते दाङको वेलभुण्डी स्थित कोरोना विशेष अस्पतालमा लैजाने तैयारी भईरहेको गापा प्रमुख वजरंङी प्रसाद चौधरीले वताउनु भयो ।
युएनएफपीएले क्वारेण्टाइनमा रहेका महिलाहरूका लागि मर्यादाकीट र कालिका स्वावलम्वन सामाजिक विकास संस्था र शिद्धार्थ सामाजिक विकास केन्द्रले मास्क ,ग्लब्स ,र सेनीटाइजर लगायतका सामाग्री वितरण गरेका छन् । युएनएफपिएका फिल्ड संयोजक चित्र महतोले महिलाहरूका लागि मर्यादाकीट ४६ थान र किशोरी कीट १२ थान वितरण गरिएको बताउनु भयो । जिल्ला नौ स्थानीय तहका क्वारेण्टाइनमा रहेका महिला तथा किशोरीहरूलाई मर्यादा किट वितरण गरिएको हो । जिल्लामा सङ्क्रमितको सङ्ख्या बढ्दै गएपछि जिल्लालाई सिल गरिएको छ ।

**इन्सेक पाल्पा जिल्ला प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिना**का अनुसार कोरोना सङ्क्रमण रोकथाम र नियन्त्रणलाई थप प्रभावकारी बनाउन गठित जिल्ला स्तरीय समितिको जेठ ६ गतेको बैठकले देशभर लकडाउनको जेठ २० गतेसम्म बढाउने निर्णय भएअनुसार पाल्पा जिल्लामा उक्त अवधिसम्म लकडाउनलाई प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गरेको छ ।
बैठकले अत्यावश्यक वस्तुहरु खाद्यान्न, औषधि, खानेपानी, पशुपन्छीको आहार, ग्याँस र पेट्रोलियम पदार्थ, एम्बुलेन्स, शव वाहन, दमकल, मृत्युसंस्कार, विद्युत, सञ्चार, सुरक्षाकर्मीले प्रयोग गरेका र पास लिएका सवारी साधन, निर्माण सामग्री बोकेका ढुवानीका साधन तथा राजमार्गमा गुड्ने सवारी साधनहरू बाहेकका सबै प्रकारका सवारी साधन र मानिसहरुका आवगमनमा पूर्ण रुपमा रोक लगाउने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी यादव सुवेदीले बताउनु भयो ।
जिल्ला भित्र खाद्यान्न, तरकारी, दुध लगायतका आत्यावश्यक आवश्यकताका बस्तुहरुको ढुवानी बिहान ७ बजे देखि ११ बजेसम्म सञ्चालन गर्ने, निर्माण सामाग्री साझ ६ बजेदेखि ९ बजेसम्म सञ्चालन गर्ने , जिल्ला बाहिरबाट आवश्यक पर्ने निर्माण सामग्री बोकेका ढुवानीका साधनहरु सोमबार, बुधवार र शनिवार सञ्चालन गर्ने निर्णय गरेको छ ।
यसैगरी नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट प्राप्त भएका आरडीटी किटबाट स्थानीय तहको सिफारीसमा तोकिएका व्यक्ति, स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक, सुरक्षाकर्मी र पत्रकार महासंघबाट सिफारीस भइ आएका सञ्चारकर्मीहरूको पहिलो आरडीटी परीक्षण गर्ने निर्णय भएको जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत रमा श्रेष्ठले जानकारी दिनुभयो ।

**इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसी**का अनुसार सैनामैना नगरपालिकाले नगरमा रहेका सञ्चारकर्मीहरुको कोरोना बिमा गर्ने निर्णय गरेको छ । जेठ ६ गते नगर कार्यपालिका तथा विपद् व्यवस्थापन समितिको बैठकले नगरमा रहेर सक्रिय रुपमा काम गर्ने सञ्चारकर्मीहरूका लागि १ लाख रुपियाँको बिमा गर्ने निर्णय गरेको हो ।
कोरोना भाइरस सङक्रमणका बेला जोखिमपूर्ण अवस्थामा समाचार सङ्कलन, प्रशारण र प्रकाशित गरिरहेका सञ्चारकर्मीहरूका लागि बिमा गर्ने निर्णय भएको नगरपालिकाका प्रमुख चित्रबहादुर कार्कीले बताउनु भयो । यसले सञ्चारकर्मीहरूको मनोवल उच्च बनाउन र सुरक्षा समेत प्रदान गर्ने कार्कीले बताउनु भयो । सूचना विभागबाट जारी भएको प्रेसपासका आधारमा कोरोना विशेष बिमा गरिने र बीमाको लागी लाग्ने शुल्क नगरले व्यहोर्ने छ ।
यसैगरी नगरपालिका क्षेत्रभित्र सरसफाइ कार्यका सवारी चालक तथा श्रमिक, एम्बुलेन्स चालक, दमकल चालक र सहयोगी पनि १ लाख रुपियाँको बिमा गर्ने निर्णय गरेको छ ।
पाठ्य पुस्तक विक्री वितरण सम्बन्धमा जेठ ६ गते देखी तयारी गर्ने र पुस्तक व्यवसायीहरुले परीक्षणको रुपमा जेष्ठ ७, ८ र ९ गते सामाजिक दुरी कायम गरी विक्री वितरण गर्न दिने निर्णय समेत भएको छ । यस वर्ष पाठ्यपुस्तक परिवर्तन नगर्न नीजि विद्यालयहरुलाई निर्देशन दिने र बाध्यताबस् पाठ्यपुस्तक परिवर्तन गर्नुपर्ने भएमा नगर शिक्षा शाखाको अनुमति लिनुपर्ने छ ।
**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**